# झिमरुक गाउँपालिका

# झिमरुक राजपत्र

खण्डः९ संख्याः २ मितिः २०८३/०३/१०

भाग १

## झिमरुक गाउँपालिका

**पारित मिति:** २०८३/०३/१०

**प्रमाणिकरण मिति** : २०८३/०३/२२

## झिमरुक गाउँपालिकाको विनियोजन ऐन, २०८३

झिमरुक गाउँपालिका, प्युठानको आर्थिक बर्ष २०८३/०८४ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**<u>प्रस्तावना :</u>** झिमरुक गाउँपालिका, प्युठानको आर्थिक वर्ष २०८३/०८४ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम झिमरुक गाउँपालिका, प्युठानको गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ :</u>** (१) यस ऐनको नाम "झिमरुक गाउँपालिका,प्युठानको विनियोजन ऐन, २०८३ रहेको छ ।

(२) यो ऐन २०८३ साउन १ गतेदेखि झिमरुक गाउँपालिका भरी लागु हुनेछ ।

२. **<u>आर्थिक वर्ष २०८३/८४ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :</u>** (१) आर्थिक वर्ष २०८३/०८४ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची (१) मा उल्लिखित चालू खर्च, पूँजीगत खर्च र बित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम

६२,१७,३१,५००(अक्षेरुपी बयासठ्ठी करोड सत्र लाख एकतिस हजार पाँचसय रुयैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

३. **विनियोजन :**(१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८३/०८४ को निमित्त झिमरुक गाउँपालिका, प्यूठानको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट अपुग हुने शीर्षकमा रकम सार्न सक्ने छ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिने छ । पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्ने छ ।

## अनुसूची- १
## (दफा २ सँग सम्वन्धित)
## नेपालको संविधानको धारा २२९ (२) बमोजिम
## संञ्चित कोषबाट विनियोजन हुने रकम

| क्र.स. | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | जम्मा |
|---|---|---|---|---|
| १ | ३ | ४ | ५ | ७ |
| १ | गाउँकार्यपालिका | ८६३३०००० | ८०६६९५०० | १८१८४९५०० |
| २ | वडा समिति | १६८८९००० | ४३०२१००० | ५९९१०००० |
| ३ | विषयगत शाखा/एकाईहरु | ६९५७२००० | २५०००० | ६९८२२००० |
| ४ | ऋणको सावा व्याज भुक्तानी | | | |
| ५ | लगानी (शेयर/ऋण) | | | |
| ६ | संघीय सरकारबाट (शसर्त अनुदान) | २४७८००००० | ६८००००० | २५४६००००० |
| ७ | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (विषेश अनुदान) | | १४०००००० | १४०००००० |

| | | | | |
|---|---|---|---|---|
| ८ | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम(समपुरक अनुदान) गाउँपालिकाको योगदान समेत | | ३२७५०००० | ३२७५०००० |
| ९ | प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) | १५००००० | ७४५००००० | ८९५००००० |
| १० | प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (समपुरक अनुदान) गाउँपालिकाको योगदान समेत | ० | १२५००००० | १२५००००० |
| ११ | प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (विषेश अनुदान) | | २२००००० | २२००००० |
| | जम्मा | ४२२०९१००० | १९९६४०५०० | ६२१७३१५०० |

झिमरुक गाउँ सभाको बैठकबाट मिति २०८३/०३/१० गते पारित यो ऐन गाउँ सभा र नगर सभाको कानून निर्माण प्रक्रिया सम्बन्धी ऐन,२०७५ को दफा २४ को उपदफा(१) बमोजिम प्रमाणित गर्दछु ।

पित बहादुर महतरा क्षेत्री
अध्यक्ष
मितिः२०८३/०३/२२